नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं. :
च.नं. :

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

# प्रेस विज्ञप्ति

मिति: २०८०।०३।२२

पञ्चेश्वर विकास प्राधिकरणको सञ्चालक समिति (गभर्निङ बडी)को मिति २०८० असार २१-२२ को आठौं बैठक आज पोखरामा सम्पन्न भयो । नेपाल सरकारको तर्फबाट सञ्चालक समितिको सह-अध्यक्ष तथा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (ऊर्जा) श्री दिनेशकुमार घिमिरे र भारत सरकारको तर्फबाट सञ्चालक समितिको सह-अध्यक्ष तथा जलशक्ति मन्त्रालयका सचिव श्री पंकज कुमारले संयुक्त रुपमा बैठकको अध्यक्षता गर्नुभयो । सम्माननीय प्रधानमन्त्रीज्यूको हालसालै भएको भारत भ्रमणको अवसरमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको तीन महिनाभित्र विस्तृत आयोजना प्रतिवेदनलाई टुङ्गो लगाउने दुई देशका प्रधानमन्त्रीहरुबीच भएको सहमतिलाई यथाशीघ्र कार्यान्वयन गर्न उक्त बैठकमा देहाय बमोजिमका सहमति भएका छन्:-

- पञ्चेश्वर विकास प्राधिकरणका दुवै देशका कार्यकारी समितिका सदस्यहरुलाई प्राधिकरणको प्रमुख कार्यालय, महेन्द्रनगरमा एक महिनाभित्र खटाउने,
- आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) लाई तीन महिनाभित्र अन्तिम रुप दिन एवम् सो प्रतिवेदनको कार्यान्वयनमा सघाउ पुर्‍याउन दुवै देशको सरकारद्वारा गठित विज्ञ समूह (टिम अफ एक्सपर्ट्स/अफिसियल) को म्याद छ महिना थप गर्ने,
- विज्ञ समूहको चौथौं बैठक आगामी दश दिनभित्र आयोजना गर्ने ।

साथै, बैठकले आर्थिक वर्ष सन् २०१९, २०२०, २०२१ र २०२२ को बजेट अनुमोदन तथा आर्थिक वर्ष २०२३ को बजेट समेत स्वीकृत गरेको छ ।

(मधु प्रसाद भेटुवाल)
सहसचिव एवम् प्रवक्ता